नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पर्सा, बीरगंज ।

प्र.जि.अ.अ.:- ५२-२११०
निवासः- ५२-२२८२
☎ स.प्र.जि.अ.:- ५२-३०४७
निवासः- ५२-२१५०
प्र.अ.:- ५२-२६६२
निवासः- ५२-२६६२

प.सं.मुद्दा शाखा ०८०/०८१ मि.नं.-६०४/२०८१/०३/०२ मितिः-२०८१/०३/०२

च.नं. ने.सं.११४४ तछलाथ्व दशमी, आईतवार

विषयः- राजश्वमा आम्दानी बाधी रसिद पठाई दिने बारे।

श्री प्रभु बैंक,
जिल्ला प्रशासन कार्यालय
पर्सा ।

उपरोक्त सम्बन्धमा प्रहरी प्रतिवेदनले नेपाल

सरकार वादी नेपाल सरकार प्रतिवादी नसिर मियाँ भएको अभद्र व्यवहार मुद्दामा मिति २०८१/०३/०२ गतेको फैसलाले प्रतिवादी नसिर मियाँलाई रु.२०००/- अक्षरेपी दुई हजार मात्रजरिवाना ठहर भएकोले उक्त जरिवाना रकम राजश्व खाता (प्रशासनिक दण्ड र जरिवाना -१४३१२) मा आम्दानी बाँधी भौचर पठाई दिनु हुन आदेशानुसार अनुरोध छ।

तपसिल

**१.जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.३१ बस्ने ओकलेश मियाँको छोरा बर्ष २४ को नसिर मियाँ**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पर्सा, बीरगंज ।

प्र.जि.अ.अ.:- ५२-२११०
निवासः- ५२-२२८२
☎ स.प्र.जि.अ.:- ५२-३०४७
निवासः- ५२-२१५०
प्र.अ.:- ५२-२६६२
निवासः- ५२-२६६२

प.सं.मुद्दा शाखा ०८०/०८१ मि.नं.६०४/२०८१/०३/०२ मितिः- २०८१/०३/०२
च.नं. ने.सं.११४४ तछलाथ्व दशमी, आईतवार

विषयः-थुनाबाट मुक्त गरि दिनु हुन।

श्री जिल्ला प्रहरी कार्यालय, पर्सा, वीरगंज ।

उपरोक्त सम्बन्धमा प्रहरी प्रतिवेदनले नेपाल सरकार वादी नेपाल सरकार प्रतिवादी नसिर मियाँ भएको अभद्र व्यवहार मुद्दामा मिति २०८१/०३/०२ गतेको फैसलाले प्रतिवादीलाई ६ दिन कैद र जरिवाना रु.२०००/-अक्षरेपी दुई हजार मात्र ठेकिएकोमा निज प्रतिवादी मिति २०८१/०२/२८ गते देखि २०८१/०३/०१ सम्म दिन ६ हिरासतमा बसी कैद भुक्तान भईसकेको र जरिवानाको हकमा रु.२०००/- असुलउपर भईसकेकोले अन्य मुद्दामा थुनामा राख्न नपर्ने भए यस मुद्दामा तपसिलका प्रतिवादीलाई थुनामुक्त गराईदिनु हुन आदेशानुसार अनुरोध छ।

<u>तपसिल</u>

१. जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.३१ बस्ने ओकलेश मियाँको छोरा बर्ष २४ को नसिर मियाँ...... १

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पर्सा, बीरगंज ।

प्र.जि.अ.अ.:- ५२-२११०
निवासः- ५२-२२८२
स.प्र.जि.अ.:- ५२-३०४७
निवासः- ५२-२१५०
प्र.अ.:- ५२-२६६२
निवासः- ५२-२६६२

प.सं.मुद्दा शाखा ०८०/०८१ मि.नं.६०४/२०८१/०३/०२ मितिः-२०८१/०३/०२
च.नं. ने.सं.११४४ तछलाथ्व दशमी, आईतवार

विषयः- फैसलाको प्रतिलिपी पठाइएको सम्बन्धमा ।

श्री जिल्ला सरकारी वकिल कार्यालय,
पर्सा ।

उपरोक्त सम्बन्धमा प्रहरी प्रतिवेदनले नेपाल सरकार वादी नेपाल सरकार प्रतिवादी नसिर मियाँ भएको अभद्र व्यवहार मुद्दामा मिति २०८१/०३/०२ गते भएको फैसलाको प्रमाणित प्रतिलिपी यसै साथ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

लिखितम प्रहरी प्रतिवेदनले नेपाल

सरकार वादी नेपाल सरकार प्रतिवादी नसिर मियाँ भएको अभद्र व्यवहार मुद्दामा मिति २०८१।०२।२९ गते भएको फैसलानुसार जरिवाना रकम रु.२०००/- अक्षरेपी दुई हजार मात्र दाखिला गर्न नसकेको हुँदा नियमानुसार सिदा खाई कारागार कार्यालय, पर्सा वीरगंजमा कैदमा जान मंजुर छु ।

प्रतिवादी

१. जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.३१ बस्ने ओकलेश मियाँको
छोरा बर्ष २४ को नसिर
मियाँ..............१

| | | |
|---|---|---|
| | नेपाल सरकार<br>गृह मन्त्रालय<br># जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ.अ.:- ५२-२११०<br>निवासः- ५२-२२८२<br>☎ स.प्र.जि.अ.:- ५२-३०४७<br>निवासः- ५२-२१५०<br>प्र.अ.:- ५२-२६६२<br>निवासः- ५२-२६६२ |

प.सं.मुद्दा शाखा ०८०/०८१ मि.नं.६०४/२०८१/०३/०२ मितिः-२०८१/०३/०२

च.नं. ने.सं.११४४ तछलाथ्व दशमी, आईतवार

विषयः- कैदी पठाईएको बारे ।

श्री कारागार कार्यालय
पर्सा, वीरगंज ।

उपरोक्त सम्बन्धमा प्रहरी प्रतिवेदनले नेपाल
सरकार वादी नेपाल सरकार प्रतिवादी नसिर मियाँ भएको अभद्र व्यवहार मुद्दामा यस कार्यालयको मिति २०८१/०३/०२ गतेको फैसला अनुसार कैद ६ दिन र जरीवाना रकम रु.२०००/- अक्षरेपी दुई हजार मात्र ठेकिएकोमा कैद भुक्तान भई सकेको र जरीवानाको हकमा बुझाउन नसकेको हुँदा तपसिलका प्रतिवादीलाई मिति २०८१/०३/०२ देखि जरीवाना धरौटीबाट कट्टी दिन कैदमा राखि ................. गते अन्य मुद्दा नभए यस मुद्दाबाट छुटकारा गरी दिनु हुन आदेशानुसार अनुरोध छ।

तपसिलः-
१.जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.३१ बस्ने ओकलेश मियाँको
छोरा बर्ष २४ को नसिर
मियाँ.............१

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-६०४ दायर मिति:-२०८१/०३/०२**

**फैसला मितिः-२०८१/०३/०२**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्रहरी प्रतिवेदनले नेपाल सरकार** | **जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.३१ बस्ने ओकलेश मियाँको छोरा बर्ष २४ को नसिर मियाँ.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. मैले गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका कलामुदिन अंसारी समेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।०२।२८ गते जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.८ स्थित सडकमा नसिर मियाँलाई हो हल्ला गरिरहेको अवस्थामा फेला पारी निजलाई सम्झाई बुझाई गर्दा नमानी उल्टै हामि प्रहरी टोलीसँग बादविवाद गरी हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन/जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्योहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी नसिर मियाँलाई कैद दिन ६ र जरिवाना रु.२०००/- अक्षरेपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीनसिर मियाँलाई ठहरेको कैद दिन ६ को हकमा निज मिति २०८१/०२/२८ देखि २०८१/०३/०१ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रु.२०००/- असुल उपर गर्नु ------------ -------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असार महिना २ गते आईतवार रोज १/ ने.सं. ११४४ तछलाथ्व दशमी, शुभम् ........

यसमा मिति २०८१।०२।२८ गते जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा नं.८ स्थित सडकमा नसिर मियाँलाई हो हल्ला गरिरहेको अवस्थामा फेला पारी निजलाई सम्झाई बुझाई गर्दा नमानी उल्टै हामि प्रहरी टोलीसँग बादविवाद गरी हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन/जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी नसिर मियाँलाई कैद दिन ६ र जरिवाना रु.२०००/- अक्षरेपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असार महिना २ गते आईतवार रोज १/ ने.सं. ११४४ तछलाथ्व दशमी, शुभम् ........